# महिला शिक्षिकाहरुको पारिवारिक आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण : दमक नगरपालिका, झापा

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रिय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

## शोधपत्र

प्रस्तुतकर्ता :

सरस्वती मिश्र

स्नातकोत्तर तह (एम.एड) दोश्रो वर्ष

परीक्षा रोल्नं :- २८१९४९ (२०७०)

त्रि.वि.दर्ता नं. ६–१–२०६–२८–२००४

भर्ना वर्ष : २०६९

शिक्षाशास्त्र केन्द्रिय विभाग

अर्थशास्त्र शिक्षा विभाग

त्रि.वि. कीर्तिपुर

२०७३

महिला शिक्षिकाहरुको पारिवारिक आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण : दमक नगरपालिका, झापा

४४७

सरस्वती मिश्र

२०७३

# सिफारिस पत्र
# (Recommendation Letter)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह दोस्रो बर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि **महिला शिक्षिकाहरुको पारिवारिक आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेशण** शीर्षकको शोधपत्र सरस्वती मिश्रले मेरो निर्देशनमा तयार पार्नु भएको हो । म प्रस्तुत शोधपत्र मूल्यांकनको लागि मूल्यांकन समिति समक्ष सिफारिस गर्दछु ।

.....................................

उप.प्रा. मीनराज पौडेल

शोध निर्देशक

शिक्षाशास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र शिक्षा विभाग

त्रि.वि. कीर्तिपुर

मिति : २०७३

**स्वीकृतिपत्र**

**(Approval Letter)**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, केन्द्रिय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह दोस्रो बर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि **महिला शिक्षिकाहरुको पारिवारिक आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेशण** शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समितिः**

१. विभागीय प्रमुख ......................................... उप. प्रा. मीनराज पौडेल

२. वाह्य सुपरिवेक्षक ......................................... प्रा.डा. महेशराज दाहाल

३. शोधनिर्देशक ......................................... उप.प्रा. मीनराज पौडेल

मिति : २०७३

## कृतज्ञता ज्ञापन (ACKNWOLEDGEMENT)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गतको अर्थशास्त्र शिक्षा विभाग स्नातककोत्तर तह द्धितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत **महिला शिक्षिकाहरुको पारिवारिक आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेशण** शीर्षकको शोधपत्र शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारेको छु । सर्वप्रथम मेरो शोधपत्र प्रस्तावना स्वीकृत गरि शोधपत्र लेख्न सु-अवसर प्रदान गरिदिनुहुने आदरणीय गुरु, शोध निर्देशक उप.प्रा. मिनराज पौडेल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र लेखनको क्रममा सहज ढङ्गले आवश्यक सुझाव सल्लाह दिई उत्साह एवम् हौसला बढाइदिनुहुने अर्थशास्त्र शिक्षा विभागका आदरणीय गुरुहरु प्रति समेत हार्दिक आभार प्रकट गर्दछु ।

अनुसन्धानको क्रममा सहयोग गर्नुहुने दमक नगरपालिकाका कर्मचारीहरु, तथ्याङ्क संकलन गर्न सहयोग गर्नुहुने श्रोतव्यक्ति श्री फडिन्द्र भट्टराई तथा सरस्वती उ.मा.वि.का शिक्षक श्री गणेश पौडेल लगायत अन्य शिक्षक शिक्षकाहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

आवश्यक सुझाव, सल्लाह, प्रेरणा दिई विश्वविद्यालय सम्मको अध्ययन पुरा गर्न आर्शिवाद प्रदान गर्नुहुने पुजनिय बुवा गोविन्द प्रसाद मिश्र, आमा देबकुमारी मिश्र, बहिनी कल्पना मिश्र, दिदी रमा मिश्र तथा भिनाजु अविनारायण चौलागाई प्रति आभार प्रकट गर्दछु । त्यसै गरि मलाई यो स्तर सम्म ल्याई पुऱ्याउने विद्यालय श्री जनता मा.वि. कोहवरा, श्री गौरादह वहुमुखी क्याम्पस गौरादह प्रति  समेत आभार प्रकट गर्दछु । यस सोध पत्र तयार पार्ने क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मलाई सहयोग पुऱ्याउनु हुने सम्पुर्ण साथीहरुलाई धन्यवाद प्रकट गर्दछु । अन्त्यमा यो शोधपत्र प्रिन्ट गरी सहयोग गर्नुहुने एभरेष्ट कम्प्युटरलाई धन्यवाद दिन चाहन्छु ।

शोधकर्ता

सरस्वती मिश्र

## शोधसार (ABSTRACT)

झापा जिल्लाको दमक नगरपालिकामा रहेका निजि तथा सामुदायिक विद्यालयमा अध्यायनरत महिला शिक्षिकाहरुको पारिवारिक आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण दमक भन्ने शिर्षकमा गरिएको शोधपत्र लेखनको मुख्य उद्देश्य निजी तथा सामुदायिक विद्यालयमा अध्यापनरत महिला शिक्षिकाहरुको पेशागत अवस्थाको पहिचान गर्नु, शिक्षण पेशामा संलग्न हुनुपहिला र पछिको महिला शिक्षिकाहरुको पारिवारिक, आर्थिक तथा शैक्षिक अवस्थाको तुलनात्मक अध्ययन गर्नु र समस्याहरुको पहिचान गरी समाधानका उपायहरुको खोजी गर्नु रहेको छ । उल्लेखित उद्देश्यहरु पुरा गर्नको लागी प्राथमिक र सहायक तथ्याङ्कहरुको स्रोतबाट प्राप्त तथ्याङ्कलाई तालिकाको प्रयोग गरि विश्लेषण गरिएको छ । प्राथमिक तथा द्वितिय स्रोतको माध्यमबाट तथ्याङ्कहरु संकलन गर्न निजि तथा सामुदायिक विद्यालयहरुमा अध्यापनरत महिला शिक्षिकाहरुलाई संगणना नमुना विधिबाट लिई र अभिभावकहरु,विद्यार्थीहरु र पुरुष शिक्षकहरुसंग प्रश्नावली र छलफललाई प्राथमिक औजारको रुपमा लिईएको छ । द्वितिय औजारको रुपमा दमक नगरपालिकाको वस्तुस्थितिको विवरण, जिल्ला विकास समिति, केन्द्रिय तथ्याङ्क विभागमा, र विभिन्न अध्ययन प्रतिवेदनहरु र पत्रपत्रिका आदिलाई मानिएको छ ।

नेपालको आधाभन्दा धेरै जनसंख्या महिलाहरुको रहेको छ तर साक्षरताको दृष्टिकोणले उनीहरु नै पछाडी परिरहेका छन् । देशका सम्पूर्ण पक्षमा लैङ्गिक समानताका आवाजहरु उठे तापनि व्यवहारमा पूरा हुन सकेको छैन । महिलाहरु हरेक क्षेत्रमा अगाडी बढ्न नीतिगत व्यवस्था भएर मात्र पुग्दैन । त्यसको लागि उचित वातावरण, कार्यरत अवस्थाको समेत पहिचान हुनु पर्दछ । विद्यालय तहमा छात्राहरुको भर्नादरमा वृद्धि गर्न र लैङ्गिक असमानता हटाउन महिला शिक्षिकाहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा उनीहरुको उपस्थिति अपरिहार्य छ ।

नेपालमा विद्यालय तहमा अध्यापनरत महिला शिक्षिकाहरुको संख्या पुरुष शिक्षकहरुको तुलनामा अत्यन्तै न्युन रहेको छ । अझ माध्यमिक विद्यालय तहमा त झन कममात्र महिला शिक्षिकाहरु रहेका छन् । सामाजिक, सांस्कृतिक अवरोध, शारीरिक अवस्था, विद्यालयमा महिला शिक्षिकाहरुको लागि आवश्यक पर्ने सेवासुविधाको अभाव, महिला शिक्षिकाको उपस्थिती न्यून प्रतिशत जस्ता कठिनाइहरुले उनीहरुको सहभागितामा वृद्धि हुन सकिरहेको

छैन । झापा जिल्ला एक तराईको जिल्ला हो । जसको क्षेत्रफल १,६०६ वर्ग कि.मि. रहेको छ । विभिन्न जातजाति, भाषाभाषी, धर्मावलम्बीहरुको बसोबास रहेको यस जिल्लाको जम्मा जनसंख्या ६ लाख ८८ हजार १०९ रहेको छ । यस जिल्लाको साक्षरता दर ६१.१० प्रतिशत छ । यस न.पा. मा निजी क्याम्पस ३, उच्च मा.वि. १० वटा रहेको छ । मा.वि. सरकारी र निजी गरी १५ वटा रहेको छ । नि.मा.वि. सरकारी र निजी गरी २२ वटा रहेका छन् । त्यसै गरी प्रा.वि.सरकारी ११ वटा र निजि ४ वटा गरी कुल १५ वटा रहेका छन् । दमक नगरमालिकाको कुल क्षेत्रफल ७५१३ हेक्टर रहेको छ । कुल जनसंख्या ७९,६४८ रहेको छ ।

सामुदायिक तथा निजी विद्यालयहरुमा छनोट गरिएको १०० जना महिला शिक्षिकाहरुको संख्या हेर्दा प्रा.वि. मा ४० प्रतिशत रहेको छ भने नि.मा.वि. र मा.वि मा ३०/३० प्रतिशत मात्र रहेको छ । महिला शिक्षिकाहरुको शैक्षिक योग्यता लाई हेर्दा निजी तथा सामुदायिक विद्यालयका कुल १०० जना महिला शिक्षिकाहरुमध्ये ४० प्रतिशत एस.एल.सी. पास रहेका छन् भने ५ प्रतिशतले मात्र स्नतकोत्तरतह उत्तिर्ण गरेको पाईयो । त्यसैगरि शिक्षक तालिमको अवसर हेर्दा ५० प्रतिशत तालिम प्राप्त रहेका छन् भने ५० प्रतिशतले नै तालिम प्राप्त नगरेको पाइयो ।पेशागत स्थितीलाई हेर्दा स्थायी २० प्रतिशत र अस्थायी ८० प्रतिशत रहेको पाइयो । महिला शिक्षिकाहरुको अध्यापनरत विषय हेर्दा नेपाली अध्यापन गराउने ३५ प्रतिशत, सामाजिक २० प्रतिशत, गणित १५ प्रतिशत, विज्ञान १० प्रतिशत, अंग्रेजी १५ प्रतिशत र अन्य विषय ५ प्रतिशत रहेको पाईयो ।

शिक्षणपेशामा लाग्नुका कारणहरुलाई हेर्दा शैक्षिक सोच भएकाले ४० प्रतिशत, बेरोजगारी १५ प्रतिशत, क्षमता अभिवृद्धि गर्न ३० प्रतिशत, कमजोर आर्थिक स्थिती ५ प्रतिशत र सेवाको भावना १० प्रतिशत रहेको पाईयो ।महिला शिक्षिकाहरुको कार्यभारको वितरण प्रतिहप्ता ३५-४० पिरियड सम्म शिक्षिण गर्ने महिला शिक्षिकाहरु ४० प्रतिशत र २०- २५ प्रतिशत पिरियड सम्म शिक्षिण गर्ने ५ प्रतिशत रहेको पाईयो । कक्षाकोठा र फर्निचरको अवस्थालाई हेर्दा ९० प्रतिशतले उचित व्यवस्था नभएको बताए भने १० प्रतिशतले मात्र उचित व्यवस्था भएको बताए । त्यसैगरी शैक्षिक सामग्री राख्ने ठाउँ भएको ३० प्रतिशतले बताए भने ७० प्रतिशत उचित ठाउँ नभएको बताए जसले गर्दा शैक्षिक सामग्रीहरु हराउने, छिटो बिग्रने गरेको पाईयो ।

खानेपानी र शौचालयको अवस्था हेर्दा ९० प्रतिशत विद्यालयमा महिला र पुरुषकालागी छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको र १० प्रतिशतमा नभएको साथै ८० प्रतिशत विद्यालयमा खानेपानीको व्यवस्था भएको र २० प्रतिशतमा शुद्धखानेपानीको व्यवस्था नभएको पाईयो । उमेरगत जनसंख्या ०-५ वर्ष समुहका १३.१४ प्रतिशत, ६-१५ वर्ष समुहका १२.८२ प्रतिशत, १६-६० वर्ष समुहका ६९.२३ प्रतिशत र ६० भन्दा माथिको जनसंख्या रहेको पाईयो । परिवारको प्रकार हेर्दा ४ जना सम्म ४७ प्रतिशत, ५ देखि ६ जनासम्म ४८ प्रतिशत र ७ जना वा सो भन्दा माथि ५ प्रतिशत जनसंख्या रहेको पाइयो । ९५ प्रतिशत महिला शिक्षिकाहरु विवाहित र ५ प्रतिशत अविवाहित रहेको पाइयो । शिक्षिणपेशाप्रति परिवारको दृष्टिकोण हेर्दा ९० प्रतिशतको सकारात्मक, ५ प्रतिशतको नकारात्मक र ५ प्रतिशतकै कुनैप्रतिक्रिया नभएको पाइयो ।

शिक्षणपेशामा संलग्न हुनु अघि र पछिको आम्दानीको तुलनागर्दा शिक्षणपेशामा संलग्न हुनु अघिको वार्षिक आम्दानी रु १,०४,००,००० भएको देखिन्छ । त्यसैगरी औसत आम्दानी रु १,०४,००० रहेको थियो भने शिक्षण पेशामा संलग्नभए पछिको वार्षिक आम्दानी रु ३,४०,००,००० भएको देखिन्छ । त्यसैगरी औसत आम्दानी रु. ३,४०,००० रहेको देखिन्छ । यसरी शिक्षणपेशामा संलग्न भएका कारण उक्त परिवारको आम्दानी वृद्धि भएको देखिन्छ । शिक्षण पेशामा संलग्न हुनु अघि र पछिको खर्चको तुलनागर्दा शिक्षण पेशामा संलग्न हुनु अघिको खर्च रु ४२,८०,००० र बचत रु. ६१,२०,००० रहेको थियो भने शिक्षणपेशामा संलग्नभए पछिको खर्च रु. ५०,००,००० र बचत २,९०,००,००० रहेको पाइयो । चल सम्पत्तिमाथि महिलाको अवस्था ४५ प्रतिशत महिला र पुरुष ५५ प्रतिशत रहेको तथा अचल सम्पत्ति ३० प्रतिशत महिलाको र ७० प्रतिशत पुरुषको स्वमित्व रहेको पाइयो ।

# विषय सूची (Table Of Contents)


सिफारिस पत्र (RECOMMENDATION LETTER) I

स्विकृति पत्र (APPROVAL LETTER) II

कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENT) II

शोधसार (ABSTRACT) IV

विषयसूची (TABLE OF CONTANTS) VII

तालिका सूची (LIST OF TABLE) XIII

संक्षिप्त शब्द सुची (LIST OF ABBREVIATION) XIV

**अध्याय - एक (CHAPTER -ONE)**

**१.परिचय (Introduction)** १

१.१ अध्ययनको पृष्ठभूमि (Background of the Study) १

१.२ समस्याको कथन (Statement of the Problem) ४

१.३ अध्ययनको उद्देश्य (Objective of the Study) ७

१.४ अनुसन्धान प्रश्नहरु (Research Questions) ७

१.५ अध्ययनको औचित्य (Significance of the Study) ८

१.६ अध्ययनको सिमा (Limitation of the Study) ९

१.७ अध्ययनको सङ्गठन (Organization of the Study) १०

१.८ मुख्य शब्दावलीहरुको परिभाषा (Definition of Key Terms) १०

**अध्याय - दुई (CHAPTER -TWO)**

**२. सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा (Review of Related Literature and Conceptual Framework)** १२

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature) १२

२.२ पूर्व साहित्यको समिक्षा (Review of Empirical Literature/Previous studies) १७

२.३ अध्ययनमा पूर्व साहित्यको प्रयोग (Implication of the Review for the Study) २२
२.४ अनुसन्धान अन्तर (Research Gap) २४
२.५ अवधारणात्मक ढाँचा (Conceptual Framework) २५
२.६ कार्यात्मक ढाँचा (Functional Framework) २६
**अध्याय - तीन (CHAPTER – THREE)**
**३. अनुसन्धान विधि तथा प्रक्रिया ( Methods and Procedure of the Study)** २७
३.१ अनुसन्धान ढाँचा (Research Design) २७
३.२ तथ्याङ्क सङ्कलनका श्रोतहरु (Sources of Data) २७
३.२.१ प्राथमिक स्रोत (Primary Sources) २७
३.२.२ द्वितिय स्रोत (Secondary Sources of Data) २८
३.३ जनसंख्या, नमूना आकार र नमूना छनोट (Population, Sample Size and Sampling Strategy) २८
३.३.१ जनसंख्या (Population) २८
३.३.२ नमूना आकार (Sample Size) २८
३.३.३ नमूना रणनीति (Sampling Strategy) २८
३.४ अध्ययन क्षेत्र (Study area) २९
३.५ तथ्याङ्क सङ्कलनका साधनहरु (Tools of Data Collection) ३०
३.५.१ प्रश्नावली (Questionnaire) ३०
३.५.२ अवलोकन सूचि (Observation Form) ३०
३.५.३ छलफल निर्देशिका (Discussion Grid) ३०
३.६ तथ्याङ्क संकलनका तरिकाहरु (Technique of Data Collection ) ३०
३.६.१ अर्न्तवार्ता (Interview) ३१
३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation) ३१
३.६.३ लक्षित समूह छलफल (Focus Group Discussion) ३१
३.७ तथ्याङ्क संकलन प्रक्रिया (Data Collection Procedure ) ३१
३.८ तथ्याङ्क विश्लेषण र व्याख्याको तरिका (Data Analysis and Interpretation Techniques) ३२

**अध्याय - चार (CHAPTER – FOUR)**

**४. नतिजाको व्याख्या र विश्लेशण (Analysis and Interpretation of Result)** ३३

४.१ झापा जिल्लाको परिचय (Introduction of Jhapa District) ३३

४.१.१ भौगोलिक अवस्था (Geographical Condition) ३३

४.१.२ सामाजिक अवस्था (Social Condition) ३४

४.१.३ राजनैतिक विभाजन (Political Division) ३४

४.१.४ आर्थिक अवस्था (Economic Condition) ३५

४.१.५ शैक्षिक अवस्था (Educational Condition) ३५

४.२ दमक नगरपालिकाको परिचय (Introduction of Damak Municipality) ३५

४.२.१ शैक्षिक अवस्था (Educational Condition) ३५

४.२.२ सामाजिक तथा धार्मिक अवस्था (Social and Religious Condition) ३६

४.२.३ कार्यालय तथा संघ संस्थाहरु (Organizations/Office) ३७

४.२.४ आर्थिक अवस्था (Economic Condition) ३७

४.३ महिला शिक्षिकाहरुको शैक्षिक स्थिति (Educational Condition of Female Teachers) ३८

४.३.१ तहगत अध्यापनरत महिला शिक्षिकाहरुको संख्या (Number of Level wise Teaching of Femal Teachers) ३८

४.३.२ महिला शिक्षिकाहरुको शैक्षिक योग्यता (Educational Qualification of Female Teachers) ३९

४.३.३ महिला शिक्षिकाहरुको तालिमको अवस्था (Training Condition of Female Teachers) ४०

४.४ महिला शिक्षिकाहरुको पेशागत स्थिती (Occupational Condition of Female Teachers) ४२

४.४.१ महिला शिक्षिकाहरुको स्थायी र अस्थायीको अवस्था (Permanent and Temporary Condition of Female Teachers) ४२

४.४.२ महिला शिक्षिकाहरुको अध्यापनरत विषय (Teaching Subjects of

Female Teachers) ४३
४.४.३ महिला शिक्षिकाहरु शिक्षण पेशामा लाग्नुका कारणहरु (Causes of Choosing Teaching  Profession of Female Teachers) ४४
४.५ विद्यालयीय वातावरणको अवस्था (Condition of Schooling Environment) ४५
४.५.१ शैक्षिक वातावरण (Educational Environment) ४५
४.५.२ शिक्षण कार्यभारको अवस्था (Condition of Teaching periods) ४५
४.५.३ शैक्षिक सामग्रीको प्रयोग (Use of Teaching Materials) ४७
४.५.४ भौतिक वातावरण (Physical Environment) ४८
४.५.५ कक्षाकोठा एवम् फर्निचरको अवस्था (Status of  Classroom and Furniture's) ४८
४.५.६ खानेपानी र शौचालयको अवस्था (Condition of Drinking water and Toilets) ४९
४.६ घरपारिवारिको जनसांख्यिक  बनावट (Demographic Structure of Household) ५०
४.६.१ उमेरगत जनसंख्या (Age wise Population) ५०
४.६.२ परिवारको प्रकार (Family Pattern) ५१
४.६.३ वैवाहिक स्थिती (Marital Status) ५२
४.६.४ शिक्षणपेशा प्रति परिवारको दृष्टिकोण (Family Opinion Towards Teaching Profession) ५३
४.७ पारिवारिक आर्थिक अवस्था (Economic Condition of Family) ५४
४.७.१. शिक्षणपेशामा संलग्न हुनु पूर्वको तहगत आर्थिक अवस्था ( Level wise Economic Condition before Involve in Teaching Profession) ५४
४.७.२. शिक्षणपेशामा संलग्न हुनु पूर्वको वार्षिक आम्दानी (Sector wise Economic Condition before Involve in Teaching Profession) ५५
४.७.३. शिक्षणपेशामा संलग्न हुनु पूर्वको तहगत वार्षिक  खर्च (Level wise

Annual Expenditure Pre Involved in Teaching Profession) ५६
४.७.४. शिक्षणपेशामा संलग्न हुनु पूर्वको क्षेत्रगत वार्षिक खर्च (Sector wise Annual Expenditure Pre Involved in Teaching) ५७
४.७.५ शिक्षणपेशामा संलग्न भएपछिको तहगत आर्थिक अवस्था (Level wise Economic Condition after Involved in Teaching Profession) ५८
४.७.६ शिक्षणपेशामा संलग्न भएपछिको क्षेत्रगत आर्थिक अवस्था (Sector wise Economic Condition after Involved in Teaching Profession) ४९
४.७.७ शिक्षण पेशामा संलग्नभएपछिको तहगत वार्षिक अवस्था (Level wise Annual Expenditure after Involve in Teaching Profession) ६०
४.७.८ शिक्षणपेशामा संलग्नभएपछिको क्षेत्रगत वार्षिक खर्च ( Sector wise Annual Expenditure after Involve in Teaching Profession) ६०
४.७.९ शिक्षणपेशामा संलग्न हुनु अघि र पछिको आम्दानीको तुलना (Comparison of Income before and after Involved in Teaching Profession) ६१
४.७.१० शिक्षणपेशामा संलग्न हुनु अघि र पछिको खर्चको तुलना (Comparison of Expenditure before and after Involved in Teaching Profession) ६२
४.८ चल अचल सम्पत्तिमाथि महिलाको अवस्था (Current and Fixed Property Holding by Women) ६३
४.९ महिला शिक्षिकाहरु प्रति सरोकारवालाहरुको धारणा (Opinion of Stakeholders Towards Female Teachers) ६५
४.९.१ महिला शिक्षिकाहरुको पेशाप्रति प्र.अ. को धारणा (Opinion of Head teacher Towards Professions of Female Teachers' Professions) ६५
४.९.२ महिला शिक्षिकाहरुको पेशाप्रति पुरुष शिक्षकहरुको धारणा (Opinion of Male Teachers Toward Female Teachers' Professions) ६६
४.९.३ महिला शिक्षिकाहरुको पेशाप्रति विद्यार्थीहरुको धारणा (Opinion of Student Toward Female Teachers' Professions ) ६६

४.९.४. महिला शिक्षिकाहरुको आफ्नो धारणा (Own Opinion of Female Teachers) ६७
४.१० महिला शिक्षिकाहरु शिक्षण पेशामा प्रवेश गर्दा भ्फेल्नुपरेका समस्याहरु (Problems Facing Female Teachers on Teaching Profession) ६७
४.११. प्राप्तिहरुको सारंश (Summary of Finding) ६७
**अध्याय - पाँच (CHAPTER – FIVE)**
**५. निष्कर्ष र सुभ्फावहरु (Conclusion and Recommendations) ७१**
५.१ निष्कर्ष (Conclusion) ७१
५.२ सुभ्फावहरु (Recommendations) ७३
५.२.१ नीति सम्बन्धी सुभ्फावहरु (Policy Related Recommendations) ७३
५.२.२ प्रयोगात्मक क्षेत्रसंग सम्बन्धी सुभ्फावहरु (Practical Related Recommendations) ७४
५.२.३ आगामी अनुसन्धान सम्बन्धी सुभ्फावहरु (Further Research Related Recommendations) ७५
**सन्दर्भ सूची (References)**

# तालिका सूची (List of  Table)


तालिका ४.१ :  तहगत अध्यापनरत महिला शिक्षिकाहरुको संख्या ३८

तालिका ४.२ : महिला शिक्षिकाहरुको शैक्षिक योग्यता ३९

तालिका ४.३ : महिला शिक्षिकाहरुको तालिमको अवस्था ४१

तालिका ४.४ : महिला शिक्षिकाहरुको स्थायी र अस्थायीको अवस्था ४२

तालिका ४.५ : महिला शिक्षिकाहरुको अध्यापनरत विषय ४३

तालिका ४.६ : महिला शिक्षिकाहरु शिक्षणपेशामा लाग्नुका कारणहरु ४४

तालिका ४.७ : महिला शिक्षिकाहरुले साप्ताहिकरुपमा अध्यापन गराउने घण्टी ४५

तालिका ४.८ : शैक्षिक सामग्रीको प्रयोगको अवस्था ४७

तालिका ४.९ : कक्षाकोठा एवम् फर्निचरको अवस्था ४८

तालिका ४.१० : खानेपानी र शौचालयको अवस्था ४९

तालिका ४.११ : उमेरगत जनसंख्या विवरण ५०

तालिका ४.१२ : महिला शिक्षिकाहरुको पारिवार संख्या ५१

तालिका ४.१३ : वैवाहिक स्थिती ५३

तालिका ४.१४ : शिक्षणपेशाप्रति परिवारको दृष्टिकोण ५३

तालिका ४.१५ : शिक्षणपेशामा संलग्न हुनुपूर्वको तहगत वार्षिक आम्दानी ५५

तालिका ४.१६ : शिक्षणपेशामा संलग्न हुनु पूर्वको क्षेत्रगत आम्दानी ५६

तालिका ४.१७ : शिक्षणपेशामा संलग्न हुनु पूर्वको तहगत वार्षिक खर्च ५६

तालिका ४.१८ : शिक्षणपेशामा संलग्न हुनु पूर्वको क्षेत्रगत वार्षिक खर्च ५७

तालिका ४.१९ : शिक्षणपेशामा संलग्न भएपछिको तहगत वार्षिक आम्दानी ५८

तालिका ४.२० : शिक्षणपेशामा संलग्न भएपछिको क्षेत्रगत वार्षिक आम्दानी ५९

तालिका ४.२१ : शिक्षणपेशामा संलग्न हुनु पूर्वको तहगत वार्षिक खर्च ६०

तालिका ४.२२ : शिक्षणपेशामा संलग्न भएपछिको क्षेत्रगत वार्षिक खर्च ६१

तालिका ४.२३ : शिक्षणपेशामा संलग्न हुनु अघि र पछिको आम्दानीको तुलना ६२

तालिका ४.२४ : शिक्षणपेशामा संलग्न हुनु अघि  र पछिको खर्चको तुलना ६३

तालिका ४.२५ : चल सम्पत्तिमाथि महिलाको अवस्था ६४

तालिका ४.२६ : अचल सम्पत्तिमाथि महिलाको अवस्था ६४

## संक्षिप्त शब्द सूची (LIST OF ABBREVIATION)

| | | |
|---|---|---|
| के.त.वि. | – | केन्दिय तथ्यांक विभाग |
| वि.स. | – | विक्रम संवत |
| गा.वि.स. | – | गाउँ विकास समिती |
| न.पा. | – | नगरपालिका |
| जि.वि.स. | – | जिल्ला विकास समिति |
| प्रा.वि. | – | प्राथमिक विद्यालय |
| नि.मा.वि. | – | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | – | माध्यमिक विद्यालय |
| त्रि.वि. | – | त्रिभुवन विश्वविद्यालय |
| शि.वि. | – | शिक्षा विभाग |
| आ.व. | – | आर्थिक वर्ष |
| सामुदायिक विद्यालय | – | नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय |
| CERID | – | Centre For Educational Research Innovation and Development |
| T.P.D. | – | Teacher Professional Development |
| S.L.C | – | School Leaving Certificate |
| SSRP | – | School Sector Reform Plan |